दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २२१ | बुटवल | २०८१ साउन २३, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday Aug.7, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**फ्ल्याट भाडामा**

बुटवल उप-महानगरपालिका-८, सुखखानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ्ग सहितको भुई तल्लाको फ्याल्ट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.**

**९८५७०३६७४९, ९८४७०८२०२१**

# बाग्लुङ र गुल्मीमा पहिरोले १२ जनाको मृत्यु



**लुम्बिनी संवाददाता**

*गुल्मी*

बाग्लुङ र गुल्मीमा पहिराले घर बगाउँदा १२ जनाको मृत्यु भएको छ। बाग्लुङको बडीगाडमा ८ जना र गुल्मीको मुसिकोटमा ४ जनाको मृत्यु भएको हो।

बडीगाड गाउँपालिकामा पहिरोले घर बगाउँदा ८ जनाको मृत्यु भएको छ। गाउँपालिकाको वडा नम्बर १० मा ६ जना र वडा नम्बर ९ मा २ जना गरी आठ जनाको मृत्यु भएको हो। मृत्यु हुनेमा ६ जना बालबालिका छन् । बडीगाड गाउँपालिका १० आरुपाटामा मंगलबार बिहान माथिबाट ढिस्को खसेर घरगोठ बगाउँदा मृत्यु हुनेमा ७ वर्षीया जुम्ल्याहा मालती बुढा र मधु बुढा, सञ्जु विककी ६ महिने नाबालिका छोरी, १३ वर्षीय मनोज बुढा, अन्दाजी १२/१३ वर्षका अमन बुढा र ५९ वर्षीया मैतीदेवी विक रहेका छन् ।

यसैगरी संगीता बुढा, सुमित्रा विक, सीता थापा र मंगलसिंह बुढा घाइते भएका छन् ।

यस्तै बडीगाड गाउँपालिका-९ बलघासमा खसेको पहिरोले १५ वर्षीय विधान परियार र २४ वर्षीया गंगा बस्नेतको मृत्यु भएको हो ।

घर पछाडि आएको पहिरो पन्छाउन गएका परियारलाई पहिरोले पुरेको हो । पहिरो पन्छाउने क्रममै उनको घटनास्थलमै मृत्यु भएको थियो भने बस्नेतको पहिरोमा पुरिएको अवस्थामा शव भेटिएको प्रहरीले बताएको छ । घटनास्थलमा उद्धार टोली पुगेर घाइतेलाई उपचारको लागि अस्पताल पठाएको छ।

बिहान १० बजेको समयमा खसेको पहिरोले छिमेकी समेत आएको बेला बुढाको घर पुरिएको थियो। घटनामा अझैं कति बेपत्ता छन् भन्ने खुलेको छैन । उक्त घटनामा ४६ वर्षीया संगीता बुढा, ५९ वर्षीया सुमित्रा बिक, ३२ वर्षकी सीता थापा र ४२ वर्षीय मंगलसिं बुढा गम्भीर घाइते छन् । उनीहरूलाई उपचारका लागि प्राथमिक स्वास्थ्यकेन्द्र बुर्तिवाङ पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिए।

घर भत्केर पुरिएको सूचना पाएपछि इलाका प्रहरी कार्यालय बुर्तिवाङ र आसपासको प्रहरीको उद्धार टोली त्यसतर्फ गएको हो । वडाध्यक्ष वीरेन्द्र बुढाले पनि घटनास्थल जाने झोलुंगे पूल भत्केकोले उद्धारमा कठिनाइ भएको बताए । लगातार वर्षा भएकोले उद्धारमा कठिनाइ भएको छ।

यसैगरी गुल्मीमा पहिरोले घर बगाउँदा पुरिएर ४ जनाको मृत्यु भएको छ। जिल्लाको मुसिकोट नगरपालिका वडा नं. १ बिसौनास्थित विष्णु विक र हुकुम विकको घर पहिरोले पुरिँदा मंगलबार ४ जनाको मृत्यु भएको हो ।

पहिरोमा पुरिएर ६७ वर्षीय हुकुम विक, उनका छोरा ४६ वर्षका गोरे विक, हुकुमकी बहिनी ६६ वर्षीया मसुरी विक र नातिनी अढाइ वर्षकी रियन्सी विकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक रामकुमार केसीले जानकारी दिए।

त्यस्तै पहिरोले पुरेर ३१ वर्षका विष्णु विक र उनको श्रीमती २३ वर्षकी मुना विक घाइते भएको इन्स्पेक्टर केसीले बताए।

लगातारको वर्षापछि घरमाथिबाट लेदोसहितको पहिरोले मंगलबार बिहान दुईवटा घर पुरेको थियो। घटनापछि प्रहरीले २ जनालाई उद्धार गरी स्थानीय स्वास्थ्यचौकीमा उपचारका लागि पठाएको छ।

बडीगाडमा पहिरोले कति जना घाइते भए भन्ने यकिन भएको छैन।

# रूपन्देहीका तीन पालिका प्रशासकीय भवनविहीन

## दुई करोड बढी भाडामा खर्च



**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देहीका तीन पालिकाले अझैं पनि प्रशासनिक भवन बनाउन सकेका छैनन् । संघीय प्रणालीमा गए पनि निर्वाचित जनप्रतिनिधिले एक कार्यकाल सकेर अर्को कार्यकालमा आउँदा पनि भाडाकै भवनमा कार्यालय सञ्चालन गरिरहेका छन् । १६ पालिका रहेको रूपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिका, मर्चवारी र रोहिणी गाउँपालिका बाहेक सबैको प्रशासनिक भवन छ। पुरानो पालिकामध्ये बुटवलले नयाँ भवन बनाएर कार्यालय स्थानान्तरण गरिसकेको छ भने, सिद्धार्थनगरले पनि नया भवन बनाउँदै छ । नयाँ पालिकामध्ये २ गाउँपालिका र एक नगरपालिकाले विविध कारण देखाउँदै अझैं पनि भवन बनाउन सकेका छैन।

लामो समयको प्रयासपछि जग्गाको सुनिश्चतता पाएको रोहिणीले २०७९ मंसिरमा भवन निर्माणका लागि शिलान्यास गरे पनि अझैं निर्माण सम्पन्न गर्न सकेको छैन । एक कार्यकाल सनोजकुमार यादवको अध्यक्षतामा भए पनि जग्गा सुनिश्चत हुन नसकेकै कारण हालका अध्यक्ष विद्या यादवसहित निवर्तमान अध्यक्षको पहलमा तीन वर्षमा पूरा गर्ने लक्ष्यका साथ ६ तल्ले भवनको शिलान्यास भएको थियो।

भाडाको भवनमा सञ्चालन हुँदै आइरहेको कार्यालयलाई व्यवस्थित गर्न पलिकाले पटक-पटक पहल गर्दा समेत जग्गा निश्चित नभएकोले जग्गाको सुनिश्चततासँगै आफ्नै कार्यकालमा सम्पन्न हुने गरी बहुवर्षीय योजनामा भवन निर्माणको थालनी गरिएको गाउँपालिका अध्यक्ष विद्याप्रसाद यादवले बताए। भाडाको भवनमा सञ्चालन हुँदै आइरहेको कार्यालयलाई व्यवस्थित गर्न पीलकाले पटक-पटक पहल गर्दा समेत जग्गा निश्चित नभएकोले जग्गाको सुनिश्चततासँगै आफ्नै कार्यकालमा सम्पन्न हुने गरी बहुवर्षीय योजनामा भवन निर्माणको थालनी गरिएको गाउँपालिका अध्यक्ष विद्याप्रसाद यादवले बताए।

सबैको सहजताका लागि धकधईदेखि ५०० मिटर पश्चिम भैरहवा-परासी सडकमा भवन निर्माण भइरहेको उनले जनाए। पहिलो चरणमा पालिकाले तीन करोड ४० लाख बजेट छुट्याएर भवन निर्माण सुरु गरेको थियो। कुल करिब १५ करोडको लागत अनुमानमा अन्डर ग्राउण्ड पार्किङ, भूकम्परहित र आपाङ्गमैत्री भवन तीन कठ्ठा क्षेत्रफलमा बन्न लागेको यादवले बताए।

कुल सात कठ्ठा क्षेत्रफलमा फैलिएको जिल्ला समन्वय समितिको अधिनमा रहेको जग्गामध्ये तीन कठ्ठा पालिकाको नाममा आएपछि काम सुरु भएके हो, बाँकी जग्गाको उपयोग गर्दै मन्दिर, फूलबबारी र पार्किङ समेत बनाइने योजना पालिकाको छ।

» बाँकी ३ पेजमा

भारी वर्षाबाट ३४ जिल्ला उच्च जोखिममा

# बुधबार रातिसम्म उच्च सतर्कता अपनाउन आग्रह

बुटवल । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बुधबार रातिसम्म उच्च सतर्कता अपनाउन र सकभर यात्रा नगर्न आग्रह गरेको छ।

मंगलबार विशेष सूचना निकालेर प्राधिकरणले मौसम विज्ञान विभागले 'रेड अलर्ट' जारी गरेका ३४ जिल्लाहरूमा विभिन्न निकायलाई निर्देशन पनि दिएको छ।

अति भारी वर्षाबाट ३४ जिल्ला उच्च जोखिममा रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागका अनुसार लुम्बिनी प्रदेशका रुपन्देही, कपिलवुस्त, पाल्पा, गुल्मी, दाङ, बाँके, बर्दिया, प्युठान, अर्घाखाँची उच्च जोखिममा छन् । यस्तै रुकुम पश्चिम, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी र बैतडी उच्च जोखिममा छन् ।विभागले ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेह्रथुम, रसुवा, सिन्धुपाल्चोक, चितवन, दोलखा, धादिङ, नुवाकोटलाई उच्च जोखमको सूचीमा राखेको छ।

त्यस्तै म्याग्दी, बागलुङ, कास्की, पर्वत, स्याङ्जा, तनहुँ, पूर्वी नवलपरासी, लमजुङ र गोखरामा पनि उच्च जोखममा रहेको विभागले जनाएको छ।

रातको समयमा यात्रा गर्दा बाटोमा आउन सक्ने बाढी र पहिरोको आकलन गर्न कठिन हुने भएकोले उच्च जोखिम भएका जिल्लामा रात्रिकालीन बस नचलाउने व्यवस्था मिलाउन प्राधिकरणले सम्बन्धित निकायलाई निर्देशन दिएको छ।

यस्तै ठूलो पानी पर्ने अवधिभरि अत्यन्त जरुरी अवस्थामा बाहेक यात्रा नगर्न, नदी किनार र पहिरोको जोखिममा बसेका बासिन्दालाई चनाखो रहन तथा सुरक्षा निकाय, एम्बुलेन्सलगायतका जरुरी टेलिफोन नम्बरहरू राख्न र आपत् परे तुरुन्तै फोन गर्न तथा दाउरा निकाल्न तथा माछा मार्न नदी किनारमा नजान प्राधिकरणले सर्वसाधारणलाई आग्रह गरेको छ।

यस्तै ठूलो पानी पर्ने जिल्लामा विपद्को जोखिममा रहेका मानिसहरूलाई जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले समन्वय गरी तत्काल सुरक्षित आश्रयस्थलमा सार्ने व्यवस्था मिलाउन प्राधिकरणले निर्देशन दिएको छ।

यस्तै ठूलो वर्षा हुने प्रक्षेपण गरिएका जिल्लाहरूमा जुनसुकै बेला विपद् आउन सक्ने हुनाले खोज तथा उद्धारका लागि तीन वटै सुरक्षा निकाय तयारी अवस्थामा रहन पनि प्राधिकरणको निर्देशन छ।

**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

**खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा**

**खाद्य पदार्थको पैठारी पूर्व स्वीकृति तथा नाकामा प्रवेश अनुमति लिनुपर्ने सम्बन्धमा पैठारीकर्ताहरुका लागि सूचना**

मिति १९ श्रावण २०८१ देखि लागू हुने खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले कार्यालयबाट स्वीकृति लिनुपर्ने र उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिनुपर्ने अनिवार्य प्रावधान रहेको र सो बमोजिम नगरेमा ऐनको दफा ४० (ग) बमोजिम कसूर गरेको मानिने भएकोले ऐनको दफा २ (घ) बमोजिम परिभाषित सम्पूर्ण खाद्य पदार्थहरुको पैठारी गर्नुअघि विभागबाट स्वीकृति लिई मात्र आयात गर्ने र भन्सार नाकामा आए पश्चात भन्सार नाकास्थित विभाग अन्तर्गतका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयबाट प्रवेश अनुमति लिई मात्र खाद्य पदार्थ पैठारी गर्नु गराउनु हुन सम्पूर्ण खाद्य पदार्थ पैठारीकर्ताहरुलाई सूचित गरिन्छ। अन्यथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

**खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय**

बेलहिया, रुपन्देही, नेपाल

फोन: ०७१-५७५०४८ इमेल: fieqco. belhiya@gmail.com



## सम्पादकीय

# मूल्यवृद्धि रोक

बर्खा लागेको छ, सबैको ध्यान बाढी र पहिरो जस्ता विपद्‌बाट कसरी जोगिने भन्ने छ। तहगत सरकार विपद्‌को पूर्व तयारीमा कमजोर छन्। विपद्‌पछिको उद्दार र राहतमा उनीहरुको चासो देखिन्छ। विपद्‌बाट जोगिनका लागि अल्पकालीन र दीर्घकालीन रणनीति बनाउने र कार्यान्वयन गर्ने सवालमा उनीहरु कमजोर देखिन्छन्। यहीबेला बजारमा कालोबजारी र अस्वाभाविक मूल्यवृद्धि हुन थालेको छ। बजारमा भइरहेको वस्तुको अस्वाभाविक मूल्यवृद्धिको मारमा उपभोक्ता परेका छन्।

चामलको मूल्यवृद्धि अस्वाभाविक भएको छ। चामलमा १० देखि २० रुपैयाँ प्रतिकेजीमा वृद्धि भएको छ। चामलमा एकातिर मिसावट उच्च छ, अर्कोतिर मूल्यवृद्धि। दालको मूल्यवृद्धि उत्तिकै छ। रहर दाल प्रतिकेजी ३ सय नाघेको छ। मसुरो प्रतिकेजी १ सय ६० नाघेको छ। मिसावट उत्तिकै छ। मसुरो र रहर दालमा पोलिस गरेर बिक्री हुँदै आएको छ।

राज्यले वस्तुको तौल, गुणस्तर र मूल्य निगरानी गर्न विभिन्न कार्यालय खडा गरेको छ। तौल निगरानी गर्न गुणस्तर तथा नापतौल कार्यालय छ। खाद्यवस्तुको गुणस्तर जाँच गर्न खाद्य गुणस्तर कार्यालय छ। मूल्य निगरानी गर्न पालिका र वाणिज्य कार्यालयले पहलकदमी लिनसक्छन्। यी निकायले काम गरेका छन् वा छैनन् भन्ने हेर्ने काम प्रमुख जिल्ला अधिकारीको हो। ती कार्यालयको काम चुस्त छैन। शहरी क्षेत्रमा केही मिडियाकर्मी बोकेर औपचारिक ढंगले अनुगमन गर्ने, त्यो अनुगमन चाडबाडका बेला गर्ने गरिन्छ। जब बजारमा नियमित अनुगमन नगर्दा व्यापारीले मनपरी गरिरहेका छन्। बजारमा बढ्दो बेथितिको मारमा उपभोक्ता पर्दा त्यसको आक्रोश राज्य व्यवस्थामाथि पर्छ। तसर्थ राजनैतिक नेतृत्वले पहलकदमी लिनुपर्छ। त्यसो त संसदीय समितिले चाडपर्व सुरु हुनुभन्दा अघि दैनिक उपभोग्य वस्तु तथा सेवाको अस्वाभाविक मूल्य नियन्त्रण गर्न सरकारलाई निर्देशन दिएको छ। मंगलबार बसेको राष्ट्रियसभाअन्तर्गतको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समिति बैठकले सरकारलाई दैनिक उपभोग्य तथा अतिआवश्यक वस्तु तथा सेवामा हुने गरेको कृत्रिम अभाव र कालोबजारीको समस्याले आमनागरिक आक्रान्त भइरहेको सन्दर्भमा नेपालको संविधानले व्यवस्था गरेको मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिएको छ। समितिको निर्देशन कार्यान्वयन बाध्यकारी छ।

उपभोक्तालाई सर्वसुलभ र गुणस्तरीय सामान उपलब्ध गराउन तहगत सरकारबीच समन्वय गरी बजारलाई निगरानी गर्न सकिन्छ। बजार सीमित व्यापारीको मनोमानीमा छाडिदिने र सरकारी निकाय बेखबर हुने प्रवृत्ति मौलाउँदै जाने हो भने सर्वसाधारण सरकारबाट टाढिँदै जानेछन्। नागरिकलाई सरकारप्रति अपनत्व गराउन बजारलाई निगरानी र नियन्त्रण गर्ने काम सरकारको हो।

# सेयर बजारको कीर्तिमानी वृद्धि कति स्वाभाविक ?



निरज गिरी

*बजार प्रवेश गरिसकेपछि आफ्नो अपेक्षित रिटर्न कति हो भन्नेमा पनि प्रस्ट हुन सक्नुपर्छ। अन्यथा, बढिरहेको छ, यति पुग्ला, उति पुग्ला भनेर लोभ गरेर बसियो भने त्यसले समस्यामा पार्न पनि सक्छ। धेरै मानिस फस्ने भनेको ठीक समयमा बजारबाट निस्किन नजानेरै हो। त्यसैले, निस्कने बाटोबारे पनि समय छँदै सचेत हुन जरूरी छ। ढिलो भइसकेपछि पछुताएर केही हुँदैन।*



लामो अवधिसम्म सेयर बजार १८०० देखि २००० विन्दुको आसपास बसिरहेको थियो। बजार सधैँ चलायमान हुन्छ, स्थिर रहँदैन। पछिल्ला केही वर्षमा बजार स्थिरजस्तो देखिन्थ्यो। नयाँ सरकार आउनु र मौद्रिक नीति खुकुलो बन्दै जानुले सेयर बजारलाई बढाउन भूमिका खेलेको छ। तर, अहिले जुन किसिमले बजार बढिरहेको छ, त्यसले बजारमा स-साना लगानीकर्ता बढी सजग हुनुपर्ने देखिन्छ। आजभन्दा एक महिनाअघिको तुलना गर्दा अर्थतन्त्रमा तात्विक भिन्नता आएको देखिन्न। बजार बढेको हेर्ने हो भने समग्र कम्पनीको सेयर मूल्य बढेको छ। खराब वित्तीय विवरण भएका कम्पनीको पनि सेयर मूल्य बढेको छ। यसले बजारको वृद्धि अलि अस्वाभाविक हो कि भन्ने आशंकालाई बल पुऱ्याएको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थालाई खराब कर्जा र वित्तीय विवरणमा सुधार ल्याउन नीतिगत लचकता प्रदान गरेको छ। यसले बैंक तथा वित्तीय संस्थाको सेयरप्रतिको आकर्षण स्वाभाविक हुन सक्छ। तर, राम्रा-नराम्रा सबैखाले कम्पनीको सेयर मूल्य बढ्नुले सर्वसाधारणको लगानी जोखिममा पर्न सक्ने देखिन्छ।

हामीकहाँ संस्थागत लगानीकर्ताको अभाव छ। विकसित मुलुकमा संस्थागत लगानीकर्ताको वर्चस्व हुन्छ। तर, नेपालमा व्यक्तिगत लगानीकर्ता बढी छन्। व्यक्तिगत लगानीकर्ता बढी भएको बजारमा आत्तिने र मात्तिने प्रवृत्ति हुन्छ। पछिल्लो समय सेयर बजारमा भइरहेको वृद्धिदरमा लोभिएर नयाँ लगानीकर्ता पनि प्रवेश गर्न थालेका छन्। हाम्रो सेयर बजार अस्थिर हुनुको कारण साना लगानीकर्ताको उपस्थिति बढी हुनु पनि हो। संस्थागत लगानीकर्ताका नाममा केही व्यक्तिको समूह मिलेर सेयर कारोबार गर्ने प्रवृत्ति पनि छ। तर, यो वास्तवमा संस्थागत लगानीकर्ता भने होइन। यस्ता समूहले बजारबाट अल्पकालीन लाभ लिन मात्रै खोज्छन्। यस्ता समूह दीर्घकालीन लगानीकर्ताभन्दा पनि अल्पकालीन सेयर कारोबारमा संलग्न हुन्छन्। बिमा कम्पनी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोषजस्ता ठूला संस्थागत लगानीकर्ता बजार प्रवेश गर्न सकेका छैनन्। पुँजी बजारले अपेक्षा गरेका संस्थागत लगानीकर्ता यिनै हुन। लगानी कम्पनीका रूपमा खुलेका यस्ता समूहको बाढी नै आएको छ। दीर्घकालीन लाभका लागि लगानी कम्पनी प्रवेश गरे भने मात्रै बजारमा स्थायित्व कायम रहन्छ।

नेपाली सेयर बजारमा वास्तविक क्षेत्रका कम्पनीभन्दा पनि बैंक तथा वित्तीय संस्थाको वर्चस्व छ। बैंक तथा वित्तीय क्षेत्रबाहेकको औद्योगिक क्षेत्र, होटेल, फर्मास्युटिकल्स आदिलाई हामी वास्तविक क्षेत्र भन्छौँ। त्यस्ता कम्पनी, जसले देशमा रोजगारी सिर्जना गर्न सक्छन्, 'भ्यालु एड' (मूल्य अभिवृद्धि) गर्ने क्षेत्रलाई वास्तविक क्षेत्र भनिन्छ। हाइड्रो, बिमा, सिमेन्ट आदि क्षेत्रलाई पनि यसैमा राख्न सकिन्छ। ८० प्रतिशत बैंक तथा वित्तीय संस्थाले नै ओगटेको छ। त्यसैले पनि राष्ट्र बैंकले लिने नीतिले सेयर बजारलाई बढी प्रभाव पार्दै आइरहेको छ। धितोपत्र बोर्डले वास्तविक क्षेत्रका कम्पनीलाई सूचीकृत गर्न 'बुक बिल्डिङ' विधि कार्यान्वयनमा ल्यायो। यद्यपि, यसमा सुरुवाती चरणमै विवाद देखा परेको छ। अहिले राष्ट्र बैंक नै पुँजीबजारको नियामकजस्तो देखिनुको कारण बैंक तथा वित्तीय संस्थाको वर्चस्व हो। बैंक तथा वित्तीय संस्थालाई इजाजत पत्र दिँदा नै सर्वसाधारणलाई सेयर निष्कासन गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ। रियल सेक्टरका कम्पनीलाई आफ्नो व्यवसाय विस्तार तथा वृद्धिका लागि पुँजी अपुग नहुँदासम्म बाध्यकारी व्यवस्था छैन। त्यसैले गर्दा पुँजीबजारमा धितोपत्र बोर्डभन्दा बढी भूमिका नेपाल राष्ट्र बैंकको देखिँदै गएको छ।

ब्रोकरमार्फत मार्जिन प्रकृतिको कर्जा प्रवाहसम्बन्धी कार्यविधि बनाएर सुरु गर्ने हो भने पनि त्यो अघि बढ्न सकेको छैन। ब्रोकरहरूको पुँजी नै तीन-पाँच करोड रुपैयाँ छ। सानो पुँजी भएको संस्थालाई कसले पत्याउने ? बैंकहरूले पनि साना पुँजी भएका ब्रोकर कम्पनीलाई विश्वास गर्न नसक्ने अवस्था छ। त्यसैले अघि बढ्न सकेन। तर, पछिल्लो समय ६० करोडदेखि डेढ अर्बसम्मका नबिल स्टक डिलर, सिआइटी स्टक डिलरलगायत ब्रोकर कम्पनी खुलेका छन्। मार्जिन प्रकृतिको कर्जाले नै अहिले बजारमा प्रभाव परेको हो। राष्ट्र बैंकले पनि ब्रोकरमार्फत् जाने भनेको छ। धितोपत्र बोर्डले आफ्नो नियमावलीमार्फत् ब्रोकरहरूको पुँजी २० करोड रुपैयाँ पुऱ्याउनुपर्ने व्यवस्था गरेको छ। पुँजी वृद्धि भइसकेपछि ब्रोकरमार्फत मार्जिन कर्जा जाने सम्भावना रहन्छ। विकसित मुलुकमा बैंकहरूबाट प्रत्यक्ष रूपमा सेयरमा लगानी गर्न कर्जा नदिने व्यवस्था छ। हाम्रोमा पनि बिस्तारै यो प्रणाली आवश्यक छ। त्यसपछि मात्रै लगानीकर्ताले मौद्रिक नीतिलाई वास्ता गर्न छोड्नेछन्।

वित्तीय अवस्था कमजोर रहेका कम्पनीको मूल्य पनि द्रुत रूपमा बढिरहेको परिप्रेक्ष्यमामा नेपालमा सेयर बजारलाई उचाल्न 'पम्प एन्ड डम्प' प्रवृत्ति मौलाएको आशंका गर्न सकिन्छ। मूल्यलाई उचाल्दै लैजाने र एकमुष्ट बेचेर बजारबाट बाहिरिने प्रवृत्तिलाई पम्प एन्ड डम्प भनिन्छ। यस्तोमा केही लगानीकर्ता मिलेर पालैपालो सेयर किन्दै बजार मूल्य बढाउँदै लैजाने र निश्चित मूल्यमा बढिसकेपछि बेचेर बाहिरिने गर्छन्। यसलाई नियामक निकायले हेर्नुपर्छ। सेयर बजारमा नियामकको मूलतः दुई किसिमको भूमिका रहन्छ- सबैलाई सूचनाको समान पहुँच कायम राख्ने र बजारलाई 'म्यानुपुलेट' गरे-नगरेको अनुगमन गर्ने। लगानीकर्ताले नियामक निकायबाट संरक्षित भइन्छ भन्ने आसले लगानी गरेका हुन्छन्। त्यो आत्मविश्वास दिलाउन बजारमा म्यानुपुलेट हुन नदिन अनुगमन गर्न सक्नुपर्छ। यस्तो आशंका देखिएमा सम्बन्धित कम्पनीलाई सोधपुछसमेत गर्नुपर्छ। अमेरिकी फेडरल रिजर्भ बैंकले नीतिगत दर फेरबदल गर्दा संसारभरको सेयर बजार प्राभावित हुने गर्छ। त्यसैले मौद्रिक नीतिले सेयर बजारलाई प्रभावित नपार्ने भन्ने त हुँदैन। मुख्यतः सेयरमा लगानी गर्ने भनेको कम्पनीमा हो। कम्पनीको वित्तीय विवरण नहेरी लगानी गर्ने हो भने दिगो लाभ दिँदैन। उर्लिएको बजारमा नबुझी लगानी गर्ने हो भने खेलाडीको खेलमा पर्ने जोखिम भइहाल्छ। किनभने सेयर बजारमा जोकोही पनि कमाउने उद्देश्यले प्रवेश गर्ने हो, गुमाउनका लागि होइन।

कम्पनी नहेरी लगानी गर्दा 'रिटर्न' दिने सम्भावनै छैन, त्यस्तो सेयर सस्तो छ भनेर किन्न थाल्यौँ भने यो दिगो रूपमा जान सक्दैन। अहिलेको मौद्रिक नीतिले बैंकिङ सेक्टर, फाइनान्स क्षेत्रको पर्फर्मेन्समा असर गर्ला पनि। तर, सबैतिर त त्यस्तो अवस्था छैन। त्यसैले, सेयरमा लगानी गर्दा पर्फर्मेन्स नहेरी गर्नुहुँदैन। सेयर बजार एकदम उर्लेर गएको समयमा नयाँ लगानीकर्ता छिर्ने हो भने उहाँहरूले कति बुझ्नुभएको छ, त्यसले पनि फरक पार्छ। नबुझीकन लगानी गर्ने हो भने बजारका खेलाडीले खेल्न त कोसिस गरिहाल्छन्। यस्तोमा अनेक किसिमका झुटा सूचना या अफवाह पनि आउँछन्। भेरिफाई नगरी त्यस्ता सूचनाकै भरमा सेयर बजारमा हामफाल्नु हुँदैन। लामो समय नबढी बसेको र मौद्रिक नीतिले पनि त्यसलाई अलिकति भए पनि चलायमान गराएको अवस्थामा अहिले बजार केही बढ्नु अन्यथा होइन। तर, 'ननपर्फर्मिङ' कम्पनीहरूको पनि बढिरहेको अवस्थामा भने लगानीकर्ता सजग हुनुपर्छ।

पछिल्ला दिनमा करिब ३२०० को बजार घटेर १८०० मा आइपुगेको हो। अहिले बढ्दा धेरैले यसलाई 'बुल बजार' भनिरहेका छन्। तर, यो जार्गन मात्र हो। पुँजी बजारको 'सम इफेक्ट' शून्य नै हो। आज एउटासँग हुँदा अर्कोले तान्छ र भोलि अर्कासँग हुँदा अर्कालाई तान्छ। त्यही पुँजी यता र उता हुने न हो। त्यसैले, अहिले तीन-चार दिनमै बुल भन्ने अवस्था छैन। बुल भनेको त एउटा तहमा अर्थतन्त्रसित बजार 'टाइअप' भएर 'ग्र्याजुअल्ली' 'मुभ' भयो भने मात्रै भन्ने हो। तर, हामीकहाँ हप्तादिनमै दुई-तीन सयले बढेपछि बुल आयो भनेर हल्ला फिँजाइएको छ। तर, यत्तिकै भरमा बुल भन्न मिल्दैन। ह्वात्त बजार बढेको छ भने त्यो कतैबाट म्यानुपुलेटेड पनि हुन सक्छ। अर्थतन्त्रले पर्फर्म नगरेर घटेको छ भने त्यो बियरिस भयो भने अर्थतन्त्रले पर्फर्म गरेर इन्डेक्स बिस्तारै माथि गएको छ भने त्यसलाई बुलिस बजार भन्न सकिन्छ। बजार एकातिर र अर्थतन्त्र अर्कोतिर गयो, अर्थात् अर्थतन्त्र र बजारबीच टाइअप हुन सकेको छैन भने सर्वसाधारण लगानीकर्ता सचेतचाहिँ हुनैपर्छ।

सेयर बजार बढेको समयमा खुसी भएर लगानी गर्ने हो भने पनि सतर्क भने हुनुपर्छ। नवप्रवेशीले सस्तो सेयर उठाउँछु भनेर छिर्ने होइन, पर्फर्मिङ कम्पनी हेरेरै लगानी गर्नुपर्छ। ट्रेडिङ नै गर्ने हो भने पनि इन्भेस्टर र ट्रेडिङको फरक हुन्छ। म इन्भेस्टर होइन, ट्रेडिङ गर्छु भन्ने हो भने पनि उसले पर्फर्मिङ कम्पनी नै छान्न सक्नुपर्छ। कसैले हल्ला चलाएरै बजार बढाउन खोजेको हो कि भन्नेमा सचेत हुनुपर्छ। कम्पनीको पर्फर्मेन्स राम्रो छैन, तर बजार मूल्यचाहिँ बढिरहेको छ भने खतराको घन्टी महसुस गर्न सक्नुपर्छ। राम्रो गरिरहेको कम्पनी छ भने त्यसमा लगानी गर्न सकिन्छ। बजार प्रवेश गरिसकेपछि आफ्नो अपेक्षित रिटर्न कति हो भन्नेमा पनि प्रस्ट हुन सक्नुपर्छ। अन्यथा, बढिरहेको छ, यति पुग्ला, उति पुग्ला भनेर लोभ गरेर बसियो भने त्यसले समस्यामा पार्न पनि सक्छ। धेरै मानिस फस्ने भनेको ठीक समयमा बजारबाट निस्किन नजानेरै हो। त्यसैले, निस्कने बाटोबारे पनि समय छँदै सचेत हुन जरुरी छ। ढिलो भइसकेपछि पछुताएर केही हुँदैन। नयाँ पत्रिकाबाट

(गिरी नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक हुन्)

# नेप्से परिसूचकमा उच्च अङ्कले गिरावट



काठमाडौँ। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च अङ्कले ओरालो लागेको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक एक सय ४५ दशमलव शून्य पाँच अङ्कले ओरालो लागेर दुई हजार छ सय ५१ मा सीमित भएको छ। कारोबार भएका १३ वटा उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २७ दशमलव २२ अङ्कले ओरालो लागेर चार सय ६४ दशमलव ५६ मा सीमित भएको छ।

कुल पाँच करोड ३८ लाख ४४ हजार दुई सय ३७ कित्ता शेयर रु २३ अर्ब ७१ करोड ६७ लाख १६ हजार आठ सय ७४ मूल्यमा कारोबार भयो। नेप्सेका अनुसार घटेको बजारमा थ्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। कुर्थली बुखरी स्मल हाइड्रोपावर नौ दशमलव ९७, लक्ष्मी भ्याल्यू फण्ड दोस्रो तीन दशमलव ९४, मेघा म्युचुअल फण्ड पहिलो तीन दशमलव ८१ र रुरु जलविद्युत् परियोजनाका लगानीकर्ताले तीन दशमलव १६ प्रतिशतले कमाएका छन्।

नेपाल फाइनान्स,गुर्खाज फाइनान्स,सेन्ट्रल फाइनान्स,पञ्चकन्या माइ हाइड्रो पावर र एनआरएन इन्फास्ट्रक्चरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।

# अल्सरका कस्ता हुन्छन् लक्षण ?

अहिले इमानदारीका साथ बोलिने एउटा झुट भनेको धेरै मसलादार चिज नखानु हो। जसले गर्दा पेटमा घाउ हुन्छ। यो पेट को लागी हानिकारक छ।

धेरै खुर्सानी र मसला खाँदा एसिड रिफ्लक्स, अपच र ग्यास निम्त्याउन सक्छ, तर यसले अल्सर भने बनाउँदैन। सत्य यो हो कि यदि हामीसँग पहिले नै अल्सर छ भने मसालेदार चीजहरूले त्यो अवस्थालाई ट्रिगर गर्न सक्छ। तर यी मसलाहरू अल्सरको पहिलो कारण होइनन्। मसलालाई तातो बनाउने यौगिक क्याप्साइसिनले पनि अल्सरका लागि जिम्मेवार ब्याक्टेरियालाई मारेर हाम्रो पेटको स्वास्थ्यमा सुधार गर्छ।

अल्सरको मुख्य कारण एच पाइलोरी नामक ब्याक्टेरियाबाट हुने संक्रमण हो। साथै एस्पिरिन, आइबुप्रोफेन र एन्टिबायोटिक्स जस्ता ननस्टेरोइडल एन्टिइन्फ्लेमेटरी ड्रग्स। रिसर्चगेटको एक अध्ययन अनुसार विश्वका १० प्रतिशत मानिस जीवनमा एकपटक पेटको अल्सरबाट पीडित हुन्छन्।

पेटको अल्सर अर्थात् ग्यास्ट्रिक अल्सर पेटको भित्री तहमा खुल्ला र पीडादायी घाउ हो। यो एक प्रकारको पेप्टिक अल्सर हो, जसले पेट र आन्द्रा दुवैलाई असर गर्छ। पेट अल्सरले सामान्यतया जलन र दुखाइ निम्त्याउँछ। तर यो आवश्यक छैन कि अल्सरको कुनै पनि लक्षण प्रत्येक पटक देखा पर्दछ।

पेटको अल्सरको उपचार गरियो भने सजिलै निको हुन्छ। तर समयमै उचित उपचार नपाएमा यस्ता समस्या गम्भीर हुन सक्छन्। कतिपय अल्सरहरूमा लगातार आन्तरिक रक्तस्राव हुन्छ र त्यहाँ धेरै रगतको कमी हुन सक्छ।

पेटको अल्सरले सामान्यतया छाती र नाभिको बीचमा पेटमा जलन वा दुखाइ निम्त्याउँछ। पेट खाली हुँदा दुखाइ धेरै तीव्र हुन्छ र केही मिनेट देखि धेरै घण्टा सम्म रहन सक्छ। यस्ता दुईभन्दा बढी लक्षण देखिएमा तुरुन्त चिकित्सकको सल्लाह लिनुपर्छ।

**रगत बग्ने अल्सरः**

पेटको अल्सरबाट लगातार हल्का रक्तस्रावले हामीलाई धेरै सताउन सक्छ। यदि रक्तस्राव मध्यम छ भने, यसले एनीमिया निम्त्याउन सक्छ, जबकि गम्भीर रक्तस्रावले मृत्युको जोखिम निम्त्याउन सक्छ।

**गहिरो प्रवेश गर्ने अल्सरः**

यस प्रकारको अल्सर सामान्यतया हाम्रो पेटको पर्खालमा हुन्छ र त्यहाँ समाप्त हुन्छ। जबकि दुर्लभ अवस्थामा तिनीहरूले यो पर्खाल भत्काउन र गहिरो प्वाल बनाउन सक्छ। यदि उपचार नगरिएको खण्डमा, पेटको एसिड र ब्याक्टेरियाले गम्भीर संक्रमण निम्त्याउन सक्छ। यो संक्रमण सजिलै हाम्रो रक्त प्रवाहमा फैलिन सक्छ र सेप्सिस हुन सक्छ।

पेटमा अल्सर हुने दुईवटा सबैभन्दा सामान्य कारणहरू एच पाइलोरी ब्याक्टेरियाको संक्रमण र ननस्टेरोइडल एन्टी इन्फ्लेमेटरी ड्रग्सको अत्यधिक प्रयोग हुन्। मानिसलाई अलिकति दुखाइ वा चिसो लागेमा तुरुन्तै एन्टिबायोटिक किनेर खान्छन्। कयौं पटक चिकित्सकको प्रिस्क्रिप्शन बिना सिधै काउन्टरबाट औषधि लिन्छन्। यो धेरै खतरनाक छ। अमेरिकी स्वास्थ्य सेवा प्रदायकहरूका अनुसार, यी दुई कारणहरू लगभग ९९ प्रतिशत पेट अल्सरको लागि जिम्मेवार छन्।

क्लिभल्याण्ड क्लिनिकका अनुसार एच पाइलोरी ब्याक्टेरियाले विश्वको आधा जनसंख्यालाई हानि पुऱ्याउँछ। यो ब्याक्टेरिया हामी सबैको पेटमा बस्छ। यसले कसैलाई हानि पुऱ्याउन सक्छ, जबकि यसले कसैलाई धेरै असर गर्दैन। जब यी ब्याक्टेरियाहरूले पेटको भित्री पर्खाल खान थाल्छन्, तिनीहरूको संख्या बढ्न थाल्छ र यसको साथसाथै पेटमा घाउ पनि बढ्न थाल्छ।

यदि हामीले काउन्टर दुखाइको औषधि लिइरह्यौं भने, यसले हाम्रो पेटको रक्षा गर्ने भित्री पर्खाललाई क्षति पुऱ्याउँछ। यसले पेटमा घाउ निम्त्याउँछ र ब्याक्टेरिया संक्रमणको जोखिम पनि बढाउँछ।

यसको उपचारको लागि, तपाईं ग्यास्ट्रोएन्टेरोलाजिस्ट वा सामान्य चिकित्सकसँग परामर्श गर्न सक्नुहुन्छ। तर यस समयमा, आफ्नो खानपानमा ध्यान दिनु सबैभन्दा महत्त्वपूर्ण छ किनभने हामीले खाने र पिउने सबै कुराले हाम्रो पेटलाई असर गर्छ। यो अवधिमा खानपिनमा विशेष ध्यान दिनुपर्छ।

खाना खाँदा हामीले आफ्नो जिब्रो अर्थात् स्वादको मात्र ख्याल राख्छौं। यसले हाम्रो पेटमा कस्तो प्रभाव पार्छ भन्ने कुरा हामी सोच्दैनौं, तर खानाको साथमा हुने सबै प्रतिक्रिया हाम्रो पेटमा हुने गर्छ। पेटमा अल्सर भएमा थोरै र बारम्बार खाना खानुपर्छ। अल्सरको अवस्थामा, पेटलाई एकसाथ खाना पचाउन गाह्रो हुन्छ।

आफ्नो आहारमा दही र अन्य प्रोबायोटिक्स समावेश गरेर खादा फाइदा पुऱ्याउँछ। यसले खाना पचाउन सजिलो बनाउँछ र स्वस्थ पेट ब्याक्टेरिया पनि बढाउँछ, जसले पेटको स्वस्थ अवस्था कायम राख्न मद्दत गर्दछ। यदि स्वस्थ व्यक्तिले आफ्नो आहारमा नियमित दही समावेश गर्छ भने पेटमा अल्सरको सम्भावना नगण्य हुन्छ।



**गोलभँडाको बेर्ना रोप्दै**

दाङको घोराही उपमहानगरपालिका-१६ स्थित तेरौटेमा बाँके कोहलपुरका नारायण पोखेलले व्यवसायिक रुपमा तरकारी खेती गर्न भाडामा लिनुभएको जग्गामा गोलभँडाको बेर्ना रोप्दै मजदुर । तस्बिर : कुलदीप न्यौपाने/ रासस

# 'कुलमानलाई कारबाही भए आन्दोलन'

बुटवल । तामाङ राष्ट्रिय मुक्ति मोर्चा, नेपालले डेडिकेटेड र ट्रंकलाइन सुविधा लिएर प्रिमियम शुल्क नतिरेका उद्योगीहरूको बाँकी बक्यौता असुल गर्न पहलकदमी लिइरहेको बेला नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई कारबाही, पदमुक्त वा अन्य कुनै प्रक्रिया अगाडि बढाए आन्दोलनमा उत्रिने चेतावनी दिएको छ ।

डेडिकेटेड र ट्रंकलाइन सुविधा लिएर प्रिमियम शुल्क नतिरेका उद्योगीहरूको बाँकी बक्यौता असुल गर्ने सम्बन्धमा विकसित घटनाक्रमबारे आफ्नो संगठनको ध्यानाकर्षण भएको भन्दै मोर्चाले विज्ञप्ति जारी गर्दै यस्तो चेतावनी दिएको हो ।

मोर्चाका केन्द्रीय अध्यक्ष डिल्लीमान तामाङ र महासचिव लिलाकुमार घलानद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'विद्युत् प्राधिकरणको उठ्न बाँकी रकम असुल उपर गर्न पहलकदमी लिइरहेका कार्यकारी निर्देशक घिसिङलाई प्रतिशोधपूर्ण ढंगले कारबाही, पदमुक्त वा अन्य कुनै प्रक्रिया अगाडि बढाएको खण्डा हाम्रो मोर्चा आन्दोलनमा उत्रिने चेतावनी दिन चाहन्छ ।'

कार्यकारी निर्देशक घिसिङले मुलुकलाई लोडसेडिङको कहालीलाग्दो युगबाट मुक्त गर्दै विद्युत् निर्यातबाट वैदेशिक मुद्रा आर्जन, विद्युत् महसुल नतिर्ने उद्योगको झण्डै २२ अर्ब बक्यौता रकम असुलीको लागि चट्टानझैं उभिएको स्मरण गर्दै मोर्चाले भनेको छ, 'कार्यकारी निर्देशक घिसिङको ऐतिहासिक योगदानलाई अवमूल्यन हुने गरी कुनै पनि निर्णय नगर्नका लागि हाम्रो मोर्चा सरकारको ध्यानाकर्षण गराउन चाहन्छ ।'

साथै मोर्चाले प्राधिकरणको तिर्न बाँकी बक्यौता उद्योगीहरूले नतिरेसम्म विद्युत् उपभोग गरिरहेका आम नागरिकले समेत कुनै पनि बक्यौता नतिरीकन आफूहरूको आन्दोलनमा ऐक्यबद्धता जनाइदिनका लागि अपिल समेत गरेको छ ।

# अनुजा शाही स्मृति कोष स्थापना




पाल्पा । सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको पठन पाठनमा सहयोग गर्ने उद्देश्यले अनुजा शाही स्मृति कोष स्थापना गरिएको छ । तानसेन नगरपालिकाका निवर्तमान नगरप्रमुख अशोककुमार शाहीले छोरी अनुजाको जन्म दिन पारेर स्मृति कोष घोषणा गरेका हुन् । अनुजा शाही निवर्तमान मेयर अशोककुमारको कान्छी छोरी हुन् ।

२०५० साल श्रावण २२ गते तानसेनमा जन्मिएकी अनुजाको ३० वर्षको कलिलो उमेरमा २०८० साल फागुन १८ गते अमेरिकामा उपचारको क्रममा मृत्यु भएको थियो । अनुजाको कलिलै उमेरमा मृत्यु भए पनि उनको अनुशासन, लगनशिलता र सामाजिक क्षेत्रप्रति सद्भावलाई सधैं जीवन्त राख्नको लागि घरपरिवारहरुको सरसल्लाहमा अनुजा शाही स्मृति कोष स्थापना गरिएको पिता अशोक कुमारले बताए ।

अहिले अनुजा शाही स्मृति कोषमा १० लाख रुपैयाँ राखेको र प्रत्येक वर्ष कोषमा रकम बढाउँदै लैजाने पिता अशोक कुमारले बताए । अनुजाको अनुशासन, लगनशिलता र सामाजिक सेवाप्रतिको उत्तरदायित्व सधैंभरी जीवन्त राख्नको लागि कोष स्थापना गरिएको हो । कोषबाट प्राप्त हुने अधिकांश रकम सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको पठन पाठनमा खर्च गरिने पिता अशोक कुमारले बताए । केही रकम अनुजाले अध्ययन गरेको विद्यालय सेन्ट कपितानियो स्कुलमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका छात्राहरुको पठन पाठनमा खर्च गरिने उनले बताए ।

स्मृति कोष घोषणा कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, पूर्व सांसद यावदबहादुर रायमाझी, त्रिभुवन बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख टंक पन्थ, पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम र सहायक क्याम्पस प्रमुख सन्तोष खनाललगायतले अनुजाको अनुशासन तथा लगनशिलताको बारेमा चर्चा गर्दै अनुजाको भौतिक शरिर गुमे पनि स्मृति कोषमार्फत् सधैंभरी जीवन्त रहने उत्कृष्ट कार्य घरपरिवारबाट भएको बताएका थिए ।

# आम्दानीको बलियो स्रोत भुइँकटहरखेती



त्रिवेणी (नवलपरासी) । बर्दघाट सुस्तापूर्व नवलपुरको देवचुली नगरपालिका-५ मा पर्ने बन्दीपुरका पाखाहरू अहिले भुइँकटहरले ढाकेका छन् । स्थानीयवासी भुइँकटहर टिपेर बजारसम्म पुर्याउन हिजोआज व्यस्त छन् । पहाडी क्षेत्रअन्तर्गत पर्ने यो गाउँका किसानका लागि भुइँकटहर आम्दानीको बलियो स्रोत बनेको छ ।

बन्दीपुरका तुलबहादुर फालमगरले करिब तीन हेक्टर पहाडी पाखोमा भुइँकटहर लगाएका छन् । गत वर्ष खर्च कटाएर रु दुई लाख ५० हजार आम्दानी गरेका उनले यस वर्ष भुइँकटहर राम्रो भएकाले रु तीन लाख बढी आम्दानी हुने बताए । "गत वर्षभन्दा यस वर्ष राम्रो भुइँकटर फलेको छ, भाउ पनि राम्रो छ, यसपालि आम्दानी बढ्ने देखिएको छ ।"-उनले भने ।

भुइँकटरलाई वर्षमा एकपटक मात्र गोडमेल गरे पनि राम्रो आम्दानी लिन सकिने उनको अनुभव छ । रेखदेख राम्रो गरे फल पनि राम्रो लाग्ने उनले बताए । अन्य बाली लगाउँदा खासै केही नहुने पहाडी पाखोमा भुइँकटर आम्दानीको बलियो स्रोत बनेको उनले बताए । "यस पाखोमा अरु लगाएर खासै केही हुँदैनथ्यो, भुइँकटहरले राम्रो आम्दानी दिएको छ, माग पनि राम्रो छ ।"-तुलबहादुरले भने । अहिले भुइँकटर प्रतिगोटा रु ५५ देखि रु एक सयसम्ममा बिक्री गर्ने गरेको उनले जनाए । भुइँकटर लिन व्यापारीहरू गाउँमै आउने गरेको उनले बताए । पहिले बन्दीपुरसम्म यातायातको सुविधा नहुँदा डोकोमा स्थानीय बजार पुऱ्याउनुपर्ने बाध्यता रहेकामा अहिले त्यो बाध्यता हट्नाले थप सुविधा भएको अर्का किसान होमबहादुर दिसुवाले बताए । गत वर्षसम्म बन्दीपुरसम्म यातायातको पहुँच नहुँदा बर्खामा भुँइकटहर बजार पुऱ्याउन समस्या हुने गरेकामा अहिले कालोपत्र सडक गाउँ पुग्दा बजारीकरणमा सुविधा भएको उनले जानकारी दिए ।

गण्डकी प्रदेश सरकारको लागनीमा मुण्डे-कीर्तिपुर-बन्दीपुर सडक कालोपत्र भएपछि उत्पादन भएको भुइँकटर नारायणगढ, बुटवल, भैरहवासम्मका व्यापारीले गाउँमै आएर खरिद गरी लैजाने गरेको उनले बताए । एक हेक्टर क्षेत्रमा भुइँकटर लगाएका होमबहादुर यसको बिक्रीबाट आउने आम्दानीले घरखर्च चलाउन सहज हुने बताउँछन् ।

बन्दीपुरका करिब ४० घरपरिवार सबैले भुइँकटर लगाएका छन् । दुई याममा उत्पादन हुने भुइँकटहर यहाँका स्थानीयको आम्दानीको स्रोत बनेको छ । पाकेपछि सिधैँ बजारमा नगदमा बिक्री हुने हुँदा यसको खेतीमा यहाँका स्थानीयको आकर्षण बढेको छ । गत वर्षमात्र यहाँका किसानले करिब रु ५० लाख बराबरको भुइँकटहर बिक्री गरेको तुलबहादुरले बताए ।

देवचुली नगरपालिकाअन्तर्गत पर्ने बन्दीपुर गाउँमा राम्रो भुइँकटर उत्पादन हुने भएकाले यस गाउँलाई भुइँकटहरको पकेट क्षेत्र निर्माण गर्ने गरी चालु आर्थिक वर्षमा कार्यक्रम तय गरिएको देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपानेले बताए । बन्दीपुरको भुइँकटहर बजारीकरणका लागि पालिकाले सहयोग गर्दै आएको र अन्य सङ्घसंस्थासँग मिलेर किसानलाई भुइँकटहरखेतीतर्फ आकर्षित गर्नेगरी काम गरिने उनले जानकारी दिए । भुइँकटरकै माध्यमबाट बन्दीपुरका स्थानीयको आर्थिक विकास गर्न सकिने भएकाले यसलाई लक्ष्यित गरी काम गरिने नगरप्रमुख न्यौपानेले बताए ।

# तटीय क्षेत्रका नागरिकलाई नदी तर्न डुङ्गाकै भर



राँझा (बाँके) । होलिया र गङ्गापुरलाई जोड्न राप्ती नदीमा पूल नहुँदा तटीय क्षेत्रका नागरिकले डुङ्गा चढ्नुपर्ने बाध्यता छ । बाँकेको पूर्वी क्षेत्र सिधनियाघाटमा पूल बनेको डेढ दशकभन्दा धेरै भइसके पनि नदी तटीय क्षेत्रका धेरै गाउँका बासिन्दा अहिले पनि डुङ्गाकै भरमा नदी तर्ने गर्दछन् । राप्तीपारिका आधा दर्जन गाउँका सर्वसाधारण अहिले पनि दैनिक डुङ्गामा जोखिमपूर्ण यात्रा गर्न बाध्य रहेको नरैनापुर गाउँपालिका-६ गङ्गापुरका स्थानीय सोहनलाल यादवले बताए ।

उनका अनुसार, राप्ती सोनारीको खल्ला झगडिया, नरैनापुरको कुडुवा, पिप्रहवालगायतका गाउँका बासिन्दा आफ्ना खेतबारी, आफन्त, हाटबजार गर्न डुङ्गा चढेर नदीपारि जाने गर्दछन् । खल्ला झगडिया गाउँभन्दा अलिकति अगाडि डुङ्गा सधैँ तयारी अवस्थामा रहन्छ ।

"नदी तर्न पक्की पूल सिधनियाघाट पुग्न धेरै टाढा पर्छ, यता झोलुङ्गे पुल छैन, त्यसैले डुङ्गा चढ्नुको विकल्प छैन", राप्ती सोनारी-७ खल्लाझगडिया नयाँबस्तीका स्थानीय शङ्कर यादवले भने-"हिउँदवर्षात् जहिले पनि डुङ्गाबाट राप्ती नदी वारपार गर्ने गरेका छौँ ।"

डुङ्गामा नदी तारेको प्रतिव्यक्ति रु १० तिर्नु पर्दछ । गाईभैँसीलाई बोकेबापत रु २०, साइकलको रु १५ र मोटरसाइकलको रु ६० लिने गरेको डुङ्गाचालक नानबाबु पासीले बताए । डुङ्गामा एकैपटक ५० देखि ६० जना मान्छे र मालसमान नदी वारपार गराउने गरेको पासी बताउँछन् ।

हरेक शुक्रबार सीमावर्ती भारतीय गाउँ जानकीमा लाग्ने हाटबजारमा नेपाली गाउँका सयौँ नागरिक किनमेलका लागि पुग्ने गर्छन् । हाटबजारमा राप्तीवारि डुडुवा गाउँपालिका होलिया, बेतहनी र राप्तीपारि राप्ती सोनारी गाउँपालिकाको फत्तेपुर र नरैनापुर गाउँपालिकाको गङ्गापुर र मटेहियाका दर्जनौँ नागरिक डुङ्गा तरेर जाने गर्दछन् ।

भारतीय हाटबजारमा तरकारीलगायत उपभोग्यवस्तु सस्तो पाइने भएकाले अधिकांश किनमेल गर्न त्यतै जाने गरेका डुङ्गाचालक पासीले बताए । डुडुवा गाउँपालिका-१ होलियाका कुडुवा, कृषि चौफेरी, वर्डर चौफेरी छिटइपुर्वा, टेपरी प्रिपहवा खडैचा कन्दइपुर्वा सन्तलीया नयाँबस्तीका सयौँ बासिन्दाको डुङ्गा चढेर राप्ती नदी वारपार गर्नु दिनचर्या भएको स्थानीय झगरु लोनियाले बताए ।

राप्ती तटीय क्षेत्रका नागरिक राप्तीको डुबान तथा कटान नियन्त्रण र जोखिम मोलेर डुङ्गामा सवार हुनुपर्ने समस्या अन्त्यका लागि मटेहिया र होलिया जोड्ने पक्की पुल निर्माणका लागि पहल भइरहेको सांसद सूर्य ढकालले जानकारी दिए । रासस

# झोलुङ्गे पूलको प्रयोग गरी सुस्तामा विद्युतीकरण गरिँदै

नवलपरासी । पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-४ स्थित तीन सय ५० घरधुरी रहेको नारायणी पारी सुस्तामा विद्युत् प्रसारण लाईन विस्तार हुने भएको छ । एक हजार पाँच सय ७१ मिटर लामो झोलुङ्गे पूलको प्रयोग गरी नारायणी पारिसम्म विद्युतीकरण गर्न लागिएको हो ।

सङ्घीय सरकारको सौर्य मिनी ग्रिड परियोजनाको रु चार करोड ८० लाख लागतमा उज्यालो सुस्ता अभियानको घोषणा गर्दै सुस्तामा सोलार प्रणाली जडान गरिएको थियो । तर सोलार पटक-पटक बिग्रिने र सुस्तावासीलाई पर्याप्त विद्युत् नपुग्ने समस्या थियो । अहिले नारायणी नदीमा झोलुङ्गे पुल निर्माणसँगै विद्युतीकरण हुने भएपछि सुस्तावासी अब अँध्यारोमा बस्नुपर्ने बाध्यताबाट मुक्त हुने सुस्ता बचाउ अभियानका अभियन्ता रवीन्द्र पटेलले बताए ।

सोलार प्रणालीको जडानसँगै सुरु भएको उज्यालो अभियान विद्युतीकरणसहित पूरा हुने भएको हो । झोलङ्गे पूलमा विद्युत् सुरक्षाको पूर्ण मापदण्ड पूरा गरी विद्युत् प्रसारण लाइन पूलको सहारामा पारी सुस्ता पुऱ्याउन लागिएको नेपाल प्राधिकरण बर्दघाट वितरण केन्द्रका प्रमुख प्रशान्त झाले जानकारी दिए ।

केन्द्र प्रमुख झा का अनुसार हालसम्म छ सय मिटर तार तानिएको छ, "नेपालमा यस्तो प्रकृतिको विद्युतीकरणको काम पहिलो भएकोले हामीलाई पनि चुनौती छ ।" उनले भने । वारि सुस्ता र पारि सुस्ता दुवैतर्फ विद्युतीकरणको पोल र तार राखिसकिएको र अब झोलुङ्गे पूलमा आउँदो महिनाभित्र राखिसक्ने विद्युतीकरणको ठेक्का पाएको एम डि राजा निर्माण सेवाले जनाएको छ । सो कार्यका लागि रु एक करोड ३० लाख लागत लाग्ने छ । सो रकम प्राधिकरणको स्रोतबाट खर्च गरिने बर्दघाट वितरण केन्द्रका प्रमुख झाले जानकारी दिए ।

**रुपन्देहीका...**

प्रशासनिक भवन बनाउन नसकेका रूपन्देहीको तीन पालिकालेमात्रै दुई करोड बढी भाडामा खर्च गरेका छन् । कार्यालय सञ्चालनका लागि मात्रै उनीहरूले निजी भवन भाडामा लिएर सेवा दिएका छन् । विविध कारण देखाउँदै भवन निर्माण गर्न नसकिएको बताउँदै निर्वाचित पालिका प्रमुखहरूले भने अबको कार्यकालमा भवन बनाउने दाबी गरेका छन् ।

रोहिणीले निजी भवन मासिक ८० हजार भाडा खर्चेर कार्यालय सञ्चालन गरिरहेको छ । हालसम्म कार्यालय भाडामा मात्रै ७० लाख बढी खर्चेको छ । यस्तै मर्चवारी गाउँपालिकाले पनि सोही हाराहारीमा खर्चेको छ भने लुम्बिनी साँस्कृतिक नगरपालिकाले मासिक २ लाख ५० हजारमा भाडामा भवन लिई कार्यालय सञ्चालन गरिरहेको जसबाट हालसम्म १ करोड बढी रकम भाडामा खर्चेको छ ।

'गुणस्तरीय सेवा दिनका लागि प्रशासकीय भवन निर्माण तत्काल बनाउनु पर्ने हो, तर कार्यकाल सकिंदा समेत बनाउन नसक्नु उनीहरूकै कमजोरी हो, प्रयास त गरेको हो तर सफल हुन सकिएन, ' निवर्तमान प्रमुखहरू भन्छन् -'भवन बनाउने प्राथमिकता थियो, सबैको पहुँचमा सहजता, उपयुक्त जग्गा, राजनीतिक र विवादका कारण भवन निर्माण हुन सकेन ।'

रूपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिकाले फरक-फरक ३ वटा भवनबाट पालिकाको सेवा दिइरहेको थियो, अहिले भने फरक ठाउँमा एकै भवनबाट सेवा दिइरहेको छ । लुम्बिनीले सुरुवातमा ५७ लाख मासिक भाडामा चलेको कार्यालयले पछि ३ वटा भवनका लागि मासिक १ लाख ६१ हजार भाडा दिएर सेवा प्रवाह गरेको थियो । अहिले एक वर्षदेखि २ लाख ५० हजार भाडा दिँदै कार्यालय सञ्चालन भइरहेको छ ।

यस्तै रोहिणीले सुरुवातमा लिएको भाडाको भवन साँगुरो र अपायक पर्न थालेपछि नयाँ स्थानमा कार्यालय सञ्चालन गरेको छ । अहिले भने एकै स्थानबाट कार्यालयले सेवा दिइरहेको छ भने एउटा शाखा सरकारी भवनबाट सेवा दिइरहेको छ ।

त्यसैगरी मर्चवारीले सुरुमा २ वटा भवन भाडामा लिएर कार्यालय सञ्चालन गरे पनि निवर्तमान पालिका अध्यक्षले आफ्नै भवन निर्माण गरी कार्यालय सारेका थिए । मर्चवारी गाउँपालिकाले पनि प्रशासकीय भवनमा मासिक ८० हजार खर्चिदै आएको छ । भाडाको घरमा सञ्चालन हुँदै आएको पालिका निवर्तमान गाउँपालिका अध्यक्ष केशवनन्द बानियाँले घर बनाएर आफ्नै घरमा सारेका थिए । ४ वर्षदेखि ७० हजार भाडामा रहेको प्रशासनिक भवन अध्यक्षले छोराका नाममा भवन गराएर सम्झौता गरे । पहिला वडा नम्बर ३ रायपुर बनाउन भनिएको थियो, आवश्यक जग्गा नभेटिएपछि केन्द्र परिवर्तन गर्न खोज्दा विवाद भयो अहिले वडा नम्बर ४ खैरामा केन्द्र राख्ने सहमति भएको छ । करिब २ विघा जग्गा छ, प्राप्तीका लागि मन्त्रिपरिषद्को निर्णय चाहिन्छ, प्रदेश सरकारबाट सिफारिस भई निर्णयको प्रतिक्षामा रहेको पालिकाले जानकारी दिएको छ ।

लुम्बिनी साँस्कृतिक नगरपालिकाले पनि ३ वटा फरक ठाउँबाट सेवा प्रवाह गरी अहिले एकै भवनबाट पालिकाको सेवा दिइरहेको छ । सडक, पूर्वाधार र स्वास्थ्यलाई प्राथमिकतामा दिएर काम गर्दा प्रशासकीय भवन बनाउन नसकिए पनि अब प्रशासकीय भवन नै प्रथमिकतामा रहेको छ, जग्गा निश्चित भई टेन्डरको लागि प्रक्रियामा रहेको छ । एडीबीको प्रोजेक्टबाट नै भवन बनाउने योजना छ, टेन्डरको लागि अझैं केही समय लाग्ने नगरपालिकाले जानकारी दिएको छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# लघुवित्त संस्था बाहेकले लघुवित्त कारोबार गर्न नपाउने



बुटवल । लघुवित्त समस्या समाधान गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वित्तीय संस्थाबाहेक लघुवित्त कार्यक्रमका नामबाट अन्य कुनै पनि संस्थाले लघुवित्तसम्बन्धी कारोबार गर्न नपाइने व्यवस्था गर्न सिफारिस भएको छ ।

अर्थ मन्त्रालले लघुवित्त समस्या समाधानका लागि राष्ट्र बैंक डेपुटी गभर्नर नेतृत्वमा अध्ययन समिति गठन गरेको थियो ।

तत्कालीन अर्थमन्त्री वर्षमान पुनले गठन गरेको समितिले अर्थमन्त्री विष्णु पौडेललाई प्रतिवेदन पेस गर्दै राष्ट्र बैंकले इजाजत दिएका लघुवित्त संस्थाबाहेक अरूले लघुवित्त कारोबार गर्न नपाउने व्यवस्था गर्न सिफारिस गरेको हो ।

राष्ट्र बैंक डेपुटी गभर्नर डा. निलम ढुंगाना तिम्सिनाको संयोजकत्वमा गठित कार्यदलले बुझाएको प्रतिवेदनमा सरकारबाट सम्बोधन हुनुपर्ने तथा राष्ट्र बैंक, लघुवित्त वित्तीय संस्था र लघु वित्त वित्तीय संस्थाका सदस्यले गर्नुपर्ने कार्यबारे सुझाव दिइएको छ ।

सरकारले बचत तथा ऋण सहकारी संस्था तथा लघुवित्त संस्थाबाट लिएको कर्जाका कारण लघुवित्त वित्तीय संस्थाका ऋणीलाई कठिनाइ भएको भन्दै बचत तथा ऋण सहकारी संस्थाबाट हुने वित्तीय कारोबारलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ ।

राष्ट्र बैंक सम्बन्धित लघुवित्त वित्तीय संस्थालाई हाल कर्जा नियमित नभएका तथा समस्यामा परेका भनिएका आ-आफ्ना ऋणीको तथ्यांक संकलन गरी नियतवस कर्जा नतिरेका तथा वास्तविक समस्यामा परेका ऋणी यकिन गरी अधिकतम ६० दिनभित्र केन्द्रीय बैंक समक्ष पेस गर्न निर्देशन दिनुपर्ने सिफारिस गरिएको छ ।

लघुवित्त वित्तीय संस्थाले समयमा कर्जाको सावाँ-व्याज तथा नियमित बचत जम्मा नगर्ने सदस्यलाई ताकेता गर्ने नाममा कार्यस्थलको वातावरण बिगार्ने गरी दबाब तथा मानसिक यातना दिन नहुने प्रतिवेदनमा उल्लेख छ ।

लघुवित्त वित्तीय संस्थाका सदस्यले एक संस्थाबाट मात्र कर्जा उपयोग गर्ने, जुन प्रयोजनका लागि कर्जा लिएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्ने तथा उक्त परियोजनाबाट भएको नगद प्रवाहबाट नियमित किस्ता तिर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

अर्थमन्त्री पौडेलले प्रतिवेदनमा दिइएका सुझाव कार्यान्वयनका लागि सबैसँग समन्वय गर्ने र सरकारले गर्नुपर्ने सुझावको औचित्य हेरेर कार्ययोजना बनाएर काम गर्ने बताए । डेपुटी गभर्नर तिम्सिनाले वित्तीय साक्षरताबारे बताइन् ।

प्रतिवेदनका अनुसार चैत २०८० सम्म ५५ लघुवित्तले ४ खर्ब ५३ अर्ब ११ करोड रुपैयाँ कुल कर्जा प्रवाह गरेका छन् । कुल बचत १ खर्ब ७२ अर्ब ६६ करोड र सापटी रकम २ खर्ब २७ अर्ब ६१ करोड छ ।

लघुवित्त क्षेत्रमा देखिएका समस्या समाधान गर्न अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा गठित वार्ता समिति र लघुवित्त तथा वित्तीय संस्था पीडितका प्रतिनिधिबीच २ चैत २०८० मा अर्थ मन्त्रालयमा ६ बुँदे सहमति भएको थियो । त्यही दिन लघुवित्त पीडितको समस्या समाधान गर्न विकल्पसहित प्रतिवेदन पेस गर्न डेपुटी गभर्नर तिम्सिनाको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरिएको थियो ।

काभा वुमन्स भलिबल

# उपाधिको लागि नेपाल र भारतको भिडन्त



बुटवल । काभा वुमन्स नेसन्स लिगमा नेपाल फाइनल प्रवेश गरेको छ । मंगलबार इरानलाई ३-० को सोझो सेटमा हराउँदै भारतसँगको उपाधि भिडन्त पक्का गरेको हो ।

दशरथ रंगशाला कभर्डहलमा मंगलबार भएको सेमिफाइनल खेलमा नेपालले इरानलाई २५-२१, २८-२६ र २५-२० ले हराएको हो ।

मंगलबार नै श्रीलंकालाई सोझो सेटमा हराउँदै भारत फाइनलमा पुगेको हो । फाइनल खेल आज बुधबार हुनेछ । लिग चरणमा वेष्ट अफ फाइभ खेलेर पराजित भएको नेपालले सेमिफाइनलमा इरानसँग बदला लिएको छ ।

पहिलो सेटको सुरुमा ५-१ ले पछि परेको नेपालले लगातार ४ अंक जोड्दै ६-५ को अवस्थामा अघि बढ्यो । त्यसपछि नेपालले लगातार अंक जोड्दै १६-१० को अवस्थामा पुग्यो । त्यसपछि एक समय २०-२२ मा पुगिसकेको नेपालले खेलमा पछि नपरी २५-२१ ले पहिलो सेट जित्यो ।

दोस्रो सेटको सुरुवातमा २-० को अग्रता इरानले बनाएको थियो । त्यसपछि नेपाल ६-४, १०-५ हुँदै अग्रता लिँदै गइरहेको थियो । तर नेपालले केही सामान्य गल्ती गर्दा इरान खेलमा फर्कियो २०-२० को अवस्थामा पुग्यो । त्यसपछि इरानले अग्रता लिँदै २४-२१ को अवस्थासम्म पुग्यो । त्यसपछि नेपालले लगातार ३ अंक जोडेर २४-२४ बनायो । त्यसपछि दुबै टिमले पालैपालो अंक जोड्यो र अन्तमा नेपालले लगातार २ अंक जोड्दै २८-२६ ले दोस्रो सेट जित्यो ।

तेस्रो सेटमा इरानले १०-७ को अग्रता बनाएको थियो । नेपालले खेलमा फर्कंदै १५-१५ बनायो । त्यसपछि अग्रता लिँदै २३-१९ को अवस्थामा पुग्यो । यो सेट नेपालले २५-२० ले जित्यो । बुधबार नै तेस्रो स्थानका लागि इरान र श्रीलंकाले प्रतिस्पर्धा गर्नेछन् ।

प्रधानाध्यापकको पदावधि पाँच वर्ष

# स्याङ्जामा पदावधि सकिएका प्रअ फेरिँदै

**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा ।*



नेपालमा नयाँ संविधान जारी भएको ९ वर्ष पूरा भएको छ । नयाँ संविधानअनुसार ऐन, कानुन र नियमावली निर्माण नहुँदा मौजुदा कानुनले काम गर्न सरकारी निकाय बाध्य छन् । मौजुदा कानुन पनि कार्यान्वयन नहुँदा अधिकांश क्षेत्रमा अनियमितता बढ्दो छ । यसको एउटा उदाहरण शिक्षा क्षेत्रलाई लिन सकिन्छ । मौजुदा शिक्षा ऐन र नियमावली प्रयोगमा स्थानीयतहहरु मौन रहँदा सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्कदो रुपमा गएको देखिन्छ ।

शिक्षा नियमावलीलाई अहिले स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाले प्रयोगको रुपमा ल्याएको छ । अर्जुनचौपारी गाउँपालिकाले ५ वर्ष पदावधि सकिएका प्रधानाध्यापकहरुको प्रक्रिया शिक्षा नियमावलीअनुसार अगाडि बढाउन निर्देशन दिएको छ । पालिकाभित्रका सामुदायिक विद्यालयका व्यवस्थापन समितिलाई ५ वर्ष पदावधि पुगेका प्रअहरुको नयाँ नियुक्ति प्रक्रिया थाल्न निर्देशन दिएको हो । शिक्षा नियमावली २०५९ को दफा ९३ को उपदफा (८) बमोजिम प्रधानाध्यापकको पदावधि ५ वर्ष तोकिएको छ । सोही नियमावलीको कार्यान्वयन गर्दै गाउँपालिकाले पालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयका प्रअहरुको नयाँ नियुक्ति प्रक्रिया अगाडि बढाएको जनाएको छ ।

शिक्षा नियमावलीमा ५/५ वर्षमा नयाँ प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था भए पनि अहिलेसम्म कुनै पालिकाले कार्यान्वयन गरेका छैनन् । तर अर्जुनचौपारी गाउँपालिकाले भने कानुनलाई कार्यान्वयन गर्न यो नियमावली लागू गर्न लागिएको पालिकाका अध्यक्ष प्रकाश तिवारीले जानकारी दिए । 'पालिकाभित्र प्राविदेखि माविसम्म २८ वटा सामुदायिक विद्यालयहरु रहेका छन्,' उनले भने-'सबै विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई कानुनमा रहेको व्यवस्था जानकारी दिएका छौं, कतिपयलाई कानुनमा भएको व्यवस्था थाहा नहुन सक्छ भनेर शिक्षा नियमावलीमा भएको व्यवस्थालाई जानकारी गराउने काम थालेका हौं ।'

पालिकालाई शैक्षिक गुणस्तरीयमा अब्बल बनाउन कानुनअनुसार काम गरिरहेको अध्यक्ष तिवारीले बताए ।

'नीतिगत सुधारसँगै प्रक्रियागत सुधारमा शिक्षालाई लैजान खोजेका छौं,' अध्यक्ष तिवारीले भने-'गुणस्तर शिक्षा प्रदान गर्न नीतिगत सुधारलाई प्रयोग गर्न खोजिएको हो, कानुनलाई हुबहु पालना गर्ने हो भने शिक्षामा आमूल परिवर्तन ल्याउन सकिन्छ ।'

विद्यालय व्यवस्थापन समितिलाई बलियो बनाउनका लागि पनि शिक्षा नियमावली लागू गर्न आवश्यक देखिएको अध्यक्ष तिवारीले बताए । शिक्षाको गुणस्तरीयता बलियो बनाउन शिक्षा ऐनले धेरै अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिएको छ ।

तर शिक्षा ऐन र नियमावली समितिले अध्ययन नगर्दा शिक्षामा शिक्षक र प्रधानाध्यापकले राजनीतिलाई प्रसय दिएका छन् । जसले गर्दा शिक्षाको गुणस्तर खस्कदो छ भन्ने आरोप शिक्षकहरुले खेप्दै आएका छन् । शिक्षा नियमावली ५९ को दफा ९३ को उपदफा (२), (३), (४), (५), (६), (७) मा प्रत्येक ५ वर्षमा प्रअको नयाँ नियुक्तिको व्यवस्था गरिएको छ । उपदफा (८) मा प्रधानाध्यापकको पदावधि ५ वर्ष तोकिएको र पुनः सोही व्यक्ति प्रधानाध्यापक हुन पाउने पनि व्यवस्था उल्लेख गरिएको छ । यसै कानुनलाई टेकेर अर्जुनचौपारी गाउँपालिकाले प्रअको नयाँ नियुक्तिको प्रक्रिया थालनी गर्न सबै विद्यालयलाई निर्देशानुसार अनुरोध गरेको छ ।

गुणस्तरीय शिक्षाका लागि अन्य पालिकाले पनि शिक्षा ऐन र शिक्षा नियमावली कार्यान्वयनमा लैजानु आवश्यक देखिन्छ । अर्जुनचौपारी गाउँपालिकाले कानुनको पालना गर्ने प्रक्रियाको शुभारम्भको अभिभावकहरुले प्रशंसा गरेका छन् ।




हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com